मिति २०७७/५/३ गतेको सचिव वैठकका निर्णयहरु-

१. प्रदेश सचिवहरुबाट प्रदेश सरकार (म.प.) र सचिव वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको अवस्था र प्रगति समेतको जानकारी वैठकमा प्रस्तुत भई साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु शिघ्र कार्यान्वयन गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी दिन प्रमुख सचिवज्यूबाट निर्देशन भयो ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७७/४/२९, च.नं. स.स.वै/५१२/६३८ को सार्वजनिक निकायहरुले सूचना अधिकारी तोक्ने र ३/३ महिना व्यतित भएको १५ दिनभित्र स्वतः प्रकाशन गर्ने व्यवस्थाको कार्यान्वयन सम्बन्धमा प्राप्त परिपत्रको छाँयाप्रति आवश्यक कार्यान्वयनका लागि सबै मन्त्रालयहरुलाई पठाउने र मन्त्रालयहरु तथा मातहतका निकायहरुले सोही बमोजिम गर्ने गराउने ।

३. कार्यसम्पादनको सिलसिलामा यस कार्यालयले वा प्रदेशका मन्त्रालयहरुले प्रदेशका अन्य सरोकारवाला मन्त्रालयहरुलाई कुनैपनि विषयमा राय परामर्श माग गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले अन्यथा लेखिएको भन्दा बाहेक अधिकतम ७ दिनभित्र अनिवार्य रुपमा राय परामर्श उपलब्ध गराउनुपर्ने व्यवस्थाको लागि सबै मन्त्रालयहरुमा पत्राचार गर्ने ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. २७, मिति २०७७/४/४ को पत्रानुसार कर्मचारी विवरण उपलब्ध गराउने सम्बन्धमा सबै मन्त्रालयहरुले स्वयं मन्त्रालय र मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरुको यथार्थ विवरण तोकिएको ढाँचामा संकलन/तयार गरी मिति २०७७/५/१४ भित्र अनिवार्य रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।साथै अन्य तहमा समायोजन भई यस प्रदेशमा कामकाजका लागि खटिएका तथा अन्य तहमा समायोजन भई हालसम्म रमाना नलिएका कर्मचारीहरुको हकमा कैफियत समेत खुलाई पठाउने ।

५. प्रदेशभित्र कोभिड-१९ रोग संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको समग्र अवस्थाको सन्दर्भमा सामाजिक विकास मन्त्रालय र प्रदेशभित्रको शान्ति शुरक्षा र विपद् व्यवस्थापन सम्बन्धी विविध विषयवस्तुहरुको सम्बन्धमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले नियमित रुपमा Press Release गरी सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रमुख सचिवलाई दिने ।

६. समयमै कार्यसम्पादन मूल्यांकन र सम्पति विवरण भरी भराई तोकिएको निकायमा पठाउने वारेको यसपूर्वको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

७. मन्त्रालय वा मातहतका निकाय/कार्यालयहरुमा कार्यरत सबै राष्ट्रसेवकले तोकिएको पदाधिकारीबाट विदा/काज स्वीकृत गरी गराई हाजिरी रजिष्ट्ररमा समेत जनाउन निर्देशन दिने ।

८. प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७७/४/२८ गतेको निर्णयानुसार संशोधित प्रदेश निजामती कर्मचारी सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७७ को व्यवस्था अनुरुप सम्बन्धित मन्त्रालयहरुले सरुवा तथा पदस्थापन सम्बन्धी कार्यहरु गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी गराउने ।

९. मन्त्रिपरिषद्बाट सचिव वा अन्य पदाधिकारीलाई प्रत्यायोजित अधिकार बमोजिम भए गरेका कार्यको प्रगति, अवधि समाप्त भएको मितिले ७ दिन भित्र अनिवार्य रुपमा मु.म.तथा म.प.को कार्यालयमा सम्बन्धित पदाधिकारीले लिखित प्रतिवेदन पेश गर्ने । यस अघि प्रतिवेदन पेश गर्न बाँकी रहेको हकमा शिघ्र पेश गर्ने ।

प्रमुख सचिव